पशुधन बीमालेख नं.०१
प्राधिकरणबाट जारी मिति: २०८०।०२।३०

**...............................इन्स्योरेन्स कम्पनी लिमिटेड**

# पशुधन बीमालेख

यस बीमालेखमा उल्लेख भएको पशुधनमा हुने क्षति विरूद्ध बीमा गर्नको लागि बीमितले बीमाशुल्क भुक्तानी गरेको हुनाले द्विपक्षीय बीमा करारको रूपमा ........... बीमा कम्पनी (बीमक) ले यो बीमालेख जारी गरेको छ।

परिच्छेद -१

## प्रारम्भिक

१. बीमालेखको नाम र प्रारम्भः (१) यस बीमालेखको नाम "पशुधन बीमालेख" रहेको छ।

(२) यो बीमालेख बीमितले बीमाशुल्क भुक्तानी गरेपश्चात प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस बीमालेखमा,

(क) "अप्रत्यक्ष क्षति" भन्नाले बीमा गरिएको जोखिमको कारणले हुने अप्रत्यक्ष वा एउटा घटनाको परिणामस्वरूप हुने अन्य क्षति सम्झनु पर्छ।

(ख) "अभिलेख" भन्नाले यस बीमालेखमा उल्लेख भएको पशुधनमा तोकिए बमोजिमको संक्रामक रोग विरुद्धको खोप, आन्तरिक परजीवी विरूद्धको औषधी, उपचार तथा बंशावली अभिलेख राखिएको अभिलेख सम्झनु पर्छ।

(ग) "क्वारेन्टिन" भन्नाले कुनै पशु, पशुजन्य पदार्थ, पशु उत्पादन सामग्रीमा कुनै रोग लागेको छ वा छैन भन्ने कुरा यकिन गर्न पशु, पशुजन्य पदार्थ, पशु उत्पादन सामग्रीलाई कुनै खास ठाउँमा तोकिएको अवधिभर परीक्षणको लागि एकैसाथ वा छुट्टाछुट्टै राख्ने काम सम्झनु पर्छ।

(घ) "दर्तावाल पशु चिकित्सक" भन्नाले नेपाल पशु चिकित्सा परिषद्को दर्ता किताबमा नाम दर्ता भएको पशु चिकित्सक सम्झनुपर्छ।

(ङ) "दावी" भन्नाले बीमा गरिएको वस्तुको क्षतिबापत् बीमितद्वारा माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पर्छ।

(च) "दुर्घटना" भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने र सांघातिक माध्यमबाट हुने आकस्मिक र अप्रत्याशित घटना सम्झनु पर्छ।

(छ) “पशु सेवा कार्यालय” भन्नाले स्थानीय तह न.पा/गा.पा. मा रहेको पशु सेवा शाखा वा सम्बन्धित पालिका कार्यक्षेत्र रहेको प्रदेश मातहतको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ।

(ज) “पशुधन” भन्नाले यस बीमालेखमा उल्लेख भएको स्थानीय तथा विदेशी नश्लका वा क्रसब्रिड वा शुद्ध नश्ल जातका गाई, भैंसी, गोरू, राँगा, साँढे, याक, नाक र तीनका वर्णशंकर, बाच्छा-बाच्छी तथा पाडा-पाडी आदि सम्झनु पर्छ।

(झ) “पूर्ण अशक्तता“ भन्नाले पशुलाई पक्षघात भई केहि कार्य गर्न नसक्ने अवस्था सम्झनु पर्छ।

(ञ) “प्रस्तावक” भन्नाले यस बीमालेखमा नाम उल्लेख भएको र यसै बीमालेख अन्तर्गत बीमा गरिएको पशुधनको स्वामित्व भएको व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ट) “प्राविधिक” भन्नाले एस.एल.सी वा सो सरहको परीक्षा उत्तीर्ण गरी पशु विज्ञानमा कम्तीमा एक वर्षको तालिम प्राप्त वा पशु विज्ञान विषय लिई टी.एस.एल.सी. उत्तीर्ण गरेको वा पशु विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको वा सोभन्दा माथिल्लो योग्यता प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ठ) “प्राविधिक जाँच सिफारिस” भन्नाले बीमा गर्न प्रस्तावित पशुधन स्वस्थ तथा बीमायोग्य छ वा छैन भनी सम्बन्धित प्राविधिकद्वारा अध्ययन, अवलोकन वा जाँच गरी सिफारिस गर्ने कार्य सम्झनु पर्छ।

(ड) “व्यवसायिक फार्म” भन्नाले प्रचलित कानून बमोजिम आधिकारिक निकायमा दर्ता भई पाँचवटा भन्दा बढि माउ गाई-भैंसी वा पाडा-पाडी वा दुवै पालन गरिएको व्यवसाय सम्झनु पर्छ।

(ढ) “वाँझोपन” भन्नाले चार पटक कृतिम गर्भधारण र दुई पटक प्राकृतिक गर्भाधारण गर्दा पनि बालि नगएको वा गर्भाधारण नभएको अवस्थालाई सम्झनुपर्छ।

(ण) “बीमक” भन्नाले बीमा ऐन, २०७९ बमोजिम बीमा व्यवसाय गर्न इजाजतपत्र प्राप्त बीमा कम्पनी सम्झनु पर्छ।

(त) “बीमा अवधि” भन्नाले बीमालेखको अनुसूचीमा उल्लेख भए अनुसार बीमा जोखिम स्वीकार गरिने अवधि सम्झनु पर्छ।

(थ) “बीमाङ्क रकम” भन्नाले यस बीमालेख बमोजिम पशुधनको रक्षावरण गरिएको रकम सम्झनु पर्छ।

(द) “बीमालेख” भन्नाले बीमकले जारी गर्ने पशुधनको जोखिम स्वीकार गरी बीमितलाई जारी गरेको बीमाको लिखत सम्झनु पर्छ र सो शब्दले रसिद, प्रस्ताव फाराम, अनुसूची, तालिका लगायत बीमालेखसंग संलग्न कागजात सम्झनु पर्छ।

(ध) "बीमाशुल्क" भन्नाले बीमालेखमा उल्लेख गरिएको पशुधनको बीमा गर्दा प्रतिफलको रूपमा बीमितबाट एकमुष्ठ वा किस्ताबन्दी रूपमा बीमकले लिने रकम सम्झनु पर्छ।

(न) "बीमित" भन्नाले बीमा गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ र सो शब्दले बीमालेखबाट लाभ लिन पाउने अधिकार भएको व्यक्ति वा संस्थालाई समेत जनाउँछ।

(ऩ) "बीमाको विषयवस्तु" भन्नाले बीमालेखको तालिकामा उल्लेख भए अनुसारको पशुधनको विवरण सम्झनु पर्छ।

(प) "मूलभूत विवरण" भन्नाले बीमा गरिएको वस्तुको जोखिमलाई फरक पार्न सक्ने महत्वपूर्ण विवरण सम्झनु पर्छ।

(फ) "मृत्यु प्रमाणपत्र" भन्नाले सम्बन्धित इजाजतप्राप्त पशु चिकित्सकले पशुधनको मृत्यु भएको भनी लिखित रुपमा जारी गरिएको प्रमाणपत्र सम्झनु पर्छ।

(ब) "मृत्युको जानकारी वा निस्सा" भन्नाले सम्बन्धित पशु सेवा प्राविधिकले बीमित पशुधनको मृत्यु भएको व्यहोरा जनाई लिखित रूपमा गरिएको सिफारिस सम्झनु पर्छ।

(भ) "रक्षावरण" भन्नाले बीमालेखमा उल्लेख भएको पशुधनमा भएको क्षतिको क्षतिपूर्ति प्रदान गर्नको लागि मञ्जुर गरिएको अवस्था सम्झनु पर्छ।

(म) "लापरवाही" भन्नाले बीमितले बीमा गरिएको पशुधनलाई रोगहरू विरुद्ध निर्धारित समयमा नै आवश्यक प्रतिरोधात्मक खोपहरू नलगाएको वा उचित स्याहार, हेरचाह र उपचार नगराएको वा गोठ व्यवस्थापन नगरिएको वा जानाजान हानी गर्न खोजिएको अवस्था सम्झनु पर्छ।

(य) "स्थानान्तरण" भन्नाले बीमा प्रस्ताव फाराममा उल्लेख भएको स्थानबाट जिल्ला भित्रकै अन्य ठाउँमा वा जिल्ला बाहिर अन्य ठाउँमा गरिएको स्थानान्तरण सम्झनुपर्छ।

(र) "संक्रामक रोग" भन्नाले बीमालेखमा उल्लिखित रोग सम्झनुपर्छ र सो शब्दले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अन्य रोगहरू समेत जनाउँछ।

(ऱ) "सङ्केतपट्टा" भन्नाले बीमा गरिएको पशुधनलाई पहिचान गर्ने उद्देश्यले पशु प्राविधिकले लगाई दिने ट्याग, चिप्स, माइक्रो चिप्स, सील, क्यूआर कोड, बारकोड, आरएफ कोड जस्ता पहिचान खुल्ने सङ्केत वा प्रतिक चिन्ह सम्झनु पर्छ।

(ल) "क्षति मूल्याङ्कनकर्ता" भन्नाले यस बीमालेख बमोजिम बीमा भएको पशुधनमा भएको क्षतिको मूल्याङ्कन गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ळ) "क्षति मूल्याङ्कन प्रतिवेदन" भन्नाले बीमक वा क्षति मूल्याङ्कनकर्ताले पशुपालनमा रक्षावरण गरिएको जोखिमबाट आर्थिक क्षति भएको भनी यकिन गरी दिएको प्रतिवेदन सम्झनु पर्छ।

(ळ) “क्षति” भन्नाले कुनै घटना घटी वा विपत्ति परी वा जंगली जनावरको आक्रमणबाट वा रोग वा किरा लागी बीमा गरिएको पशुधनको हानी भई, बिग्रिई, नष्ट वा नाश भई हुने आर्थिक क्षति सम्झनु पर्छ।

(व) “क्षतिपूर्ति” भन्नाले बीमालेखमा उल्लेख भए अनुरूप बीमकले बीमितलाई प्रदान गर्ने दावी बापतको रकम सम्झनु पर्छ।

## परिच्छेद-२

## रक्षावरण

३. रक्षावरणः देहायका कारणबाट बीमा गरिएको पशुधनमा बीमा अवधिभित्र उल्लेखित क्षति वा नोक्सानी भएमा बीमकले बीमाङ्क रकमको सीमाभित्र रही क्षतिपूर्ति प्रदान गर्नेछः-

(क) अग्निजन्य क्षतिः

(१) आगलागी वा अग्नीको कारणले भएको क्षति

(ख) हावाजन्य क्षतिः

(१) हुरीबतासको कारणले भएको क्षति,

(२) आँधिबेहरी वा तुफानको कारणले भएको क्षति।

(ग) पानीजन्य क्षतिः

(१) अतिवृष्टिको कारणले भएको क्षति,

(२) असिना, हिउँ वा तुषारोको कारणले भएको क्षति,

(३) बाढी वा डुबानको कारणले भएको क्षति।

(घ) भूमीजन्य क्षतिः

(१) भूकम्पको कारणले भएको क्षति,

(२) पहिरो वा भू-स्खलनको कारणले भएको क्षति।

(ङ) चट्याङ्जन्य क्षति

(१) चट्याङको कारणले भएको क्षति।

(च) रोगजन्य क्षति

(१) रोगको कारणले भएको क्षति।

(छ) आकस्मिक तथा दुर्घटनाजन्य बाह्य कारणहरुबाट हुने

(१) जंगली जनावरको आक्रमण (खाएर वा कुल्चिएर वा घिसारेर ,खसालेर वा लछारेर) बाट भएको क्षति।

४. अतिरिक्त सुविधाः यस बीमालेखमा उल्लेख गरिएको बीमा अवधिभित्र देहायको अवस्था सिर्जना भएमा दुर्घटना बीमा बापत बीमाङ्क रकम रु. २,००,०००।- (अक्षरेपी दुईलाख रूपैयाँ) बीमकले बीमितलाई भुक्तानी गर्नेछ।

(क) आत्महत्या बाहेक अन्य कुनै पनि दुर्घटनाको कारणले मृत्यु भएमा

(ख) स्पाइनल इन्जुरीको कारण पुनः ठीक नहुने गरी रिढको हड्डी काम नलाग्ने भएमा

(ग) कुनै एउटा हात पुरै काम नलाग्ने भएमा

(घ) कुनै एउटा खुट्टा पुरै काम नलाग्ने भएमा

(ङ) दुईवटै आँखाको दृष्टि गुमेमा

परिच्छेद-३

अपवाद

५. अपवादः (१) यस बीमालेखमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले देहायका कारणबाट हुने क्षतिको क्षतिपूर्ति प्रदान गर्ने छैनः

(क) अप्रत्यक्ष क्षतिः पशुपालनबाट भएको क्षतिको कारणबाट हुने अन्य अप्रत्यक्ष क्षति भएमा,

(ख) अधिकार प्राप्त निकायबाट पुर्याइएको क्षतिः अधिकारप्राप्त निकायको आदेशमा पशुधन नष्ट गरिएमा,

(ग) विकिरणयुक्त पदार्थः विकिरणयुक्त पदार्थ वा विकिरणयुक्त फोहोरको संसर्ग (कन्टामिनेशन) बाट क्षति भएमा,

(घ) आणविक, रसायनिक तथा जैविक हतियारः आणविक, रासायनिक तथा जैविक आम विनाशकारी हतियारको प्रयोगबाट क्षति भएमा,

(ङ) युद्ध वा युद्ध सरहको अवस्थाः सैनिक विद्रोह, शक्ति अपहरण, घेराबन्दी वा युद्ध, आक्रमण, विदेशी सैन्य कारवाही, वा कुनै युद्ध सरहको कारवाही वा गृहयुद्ध वा राजद्रोह वा सो सरहको अवस्थाको कारणले क्षति भएमा,

(२) अन्य क्षतिः देहायको कारणले भएको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैनः-

(क) पशुधनको सम्बन्धमा सत्यतथ्य कुरा लुकाई, छिपाई झुठ्ठा विवरण दिएको पाइएमा।

(ख) बीमितले वा निजको एकाघरका परिवारका सदस्य वा कर्मचारी वा कामदारले जानाजान वा मनोरञ्जनको उद्देश्यले अथवा परीक्षण वा लापरवाहीको कारणले पशुधनमा क्षति पुर्याएमा।

(ग) बीमितले वा निजको एकाघर परिवारका सदस्य वा कर्मचारी वा कामदारले रिसइबीपूर्ण व्यवहारको कारणबाट पशुमा क्षति भएमा।

(घ) पशुधन हराएमा वा चोरी भएमा।

(ङ) पशुधनको शरीरमा लगाई राखिएको सङ्केत पट्टा बीमा दावीको अवस्थामा शरीरमा नभेटिएमा।

(च) बीमा गरिएको पशुधनको प्रथम पटक बीमालेख जारी भएको मितिले १५ (पन्ध्र) दिनभित्र रोगको कारणबाट मरेमा।

तर, सोहि पशुधनको बीमा सोही बीमकमा पुनः बीमा वा नवीकरण गरिएको अवस्थामा यो व्यवस्था लागू हुने छैन।

(छ) चरन, स्वास्थ्य उपचार र प्रजनन प्रयोजनको लागि गोठदेखि १० (दश) किलोमिटर भन्दा बढीको दूरीमा क्षति भएमा।

तर, उच्च पहाडी र हिमाली क्षेत्र पच्चिससय मिटरभन्दा माथिको उचाईमा यो व्यवस्था लागु हुने छैन।

(३) बीमित पशुधनको बीमा गर्दा प्रस्ताव फाराममा उल्लेख भएको ठाउँभन्दा फरक जिल्ला वा जिल्लाभित्र अन्य कुनै ठाउँमा स्थानान्तरण गर्दा बीमकलाई जानकारी नगराएमा र स्थानान्तरणको क्रममा बीमित पशुधनमा क्षति भएमा।

(४) बीमा गरिएको पशुधन जुन प्रयोजनका लागि ल्याईएको हो सो भन्दा अन्य प्रयोजनका लागि प्रयोग गरेमा।

## परिच्छेद-४
## बीमा सम्बन्धी शर्त

६. प्रस्ताव तथा स्वीकृतिः (१) बीमालेख जारी गर्नुपूर्व बीमितले **अनुसूची-१** बमोजिमको प्रस्ताव फाराम पूर्णरूपमा भरी बीमकमा पेश गर्नुपर्नेछ।

(२) प्रस्ताव फाराममा उल्लेख भएको विवरणमा फरक पारी बीमालेख जारी गर्न पाइने छैन।

७. प्राविधिक जाँच सिफारिसपत्रः (१) बीमकले पूर्णरुपमा भरेको प्रस्ताव फाराम प्राप्त गर्दा **अनुसूची-२** बमोजिम सम्बन्धित प्राविधिकले बीमा गर्न प्रस्तावित पशुधन बीमा योग्य छ वा छैन भनी प्राविधिक जाँच सिफारिसपत्र प्राप्त गरेको हुनु पर्नेछ।

(२) बीमालेख जारी भएपश्चात् प्राविधिकले बीमा अवधिभित्र बीमा गर्न सिफारिस गरेको पशुधनको कम्तीमा एक पटक पुनः जाँच परीक्षण तथा निरीक्षण गरी सोको प्रतिवेदन **अनुसूची-३** बमोजिम बीमकलाई दिनु पर्नेछ र बीमकले उक्त जाँच परीक्षणको प्रतिवेदन समेत बीमालेखमा संलग्न गरी राख्नु पर्नेछ।

(३) प्राविधिकले बीमालेख जारी भएपश्चात् बीमा गरिएको पशुधनको पुनः जाँच परीक्षण गर्दा बीमितले शर्तहरू पूरा गरेको रहेनछ भने बीमालेख स्वतः रद्ध हुनेछ।

८. बीमालेखमा प्रयोग भएका शब्दावलीको अर्थः (१) बीमालेख सहित बीमा प्रस्ताव फाराम, अनुसूची, तालिका, बीमाशुल्क भुक्तानी रसिदलाई एकमुष्ठ पशुधन बीमा करार वा बीमालेखको रूपमा बुझ्नु वा पढ्नु पर्नेछ र तिनलाई अलग्गै पढ्न, बुझ्न वा टुक्रयाएर बीमालेखको अर्थ लगाउन पाइने छैन।

(२) यस बीमालेखमा प्रयोग भएका विशेष प्राविधिक शब्दावलीको अर्थ परिभाषा खण्डमा उल्लेख भए बमोजिम हुनेछ।

९. बीमालेख रद्द हुने अवस्थाः(१) देहायको अवस्थामा बीमकले बीमालेख रद्द गर्न सक्नेछः -

(क) बीमितले बीमालेखको शर्त उल्लंघन गरेको,
(ख) बीमाको मूलभूत विवरण ढाँटेको वा गलत ढंगले उल्लेख गरेको,
(ग) बीमा गरेको वस्तुलाई उचित स्याहार, सम्भार नगरी गम्भीर लापरवाही गरेको,
(घ) बीमा गरेको वस्तु त्याग गरेको,
(ङ) गैरकानूनी तवरले बीमा गराएको ,
(च) बीमायोग्य हित कायम नभएको।
(छ) बीमकले बीमाशुल्क बापतको रकम आफ्नो खातामा प्राप्त नगरी बीमालेख जारी गरेको।

(२) कुनै बीमितले उपदफा (१) बमोजिमको कुनै कार्य गरेको पाइएमा सोको प्रमाण समेत संलग्न गरी बीमालेख रद्द गर्न सक्नेछ।

तर, बीमालेख रद्द गर्नु अघि बीमकले बीमितलाई कम्तीमा सात दिनको लिखित स्पष्टिकरणको मौका दिनु पर्नेछ।

(३) बीमकले उपदफा (२) बमोजिम बीमालेख रद्द गरेको प्रमाण सहित पन्ध्र दिनभित्र नेपाल बीमा प्राधिकरणमा जानकारी गराउनु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमितले अनुरोध गरेमा बीमकले बीमालेख रद्द गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम बीमालेख खारेज गर्दा अनुदान प्राप्त नहुने बीमितलाई बाँकी अवधिको समानुपातिक बीमाशुल्क फिर्ता गर्नु पर्नेछ र अनुदान प्राप्त हुने बीमितलाई कुनै रकम फिर्ता गर्नुपर्ने छैन।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि वास्तविक मूल्यभन्दा बढी रकमको बीमाङ्क कायम गरी बीमा गराएको बीमालेख स्वतः रद्द हुनेछ र बीमकले सोको जानकारी नेपाल बीमा प्राधिकरणमा तुरून्त दिनु पर्नेछ।

१०. योगदानः (१) यस बीमालेखबाट बीमा गरिएको पशुधनको पूरा वा केही अंश अर्को कुनै पनि बीमालेखद्वारा बीमा गर्न पाइने छैन।

(२) कुनै कारणवश बीमा गरिएको पशुधनको बीमा अन्य बीमकमा समेत भएको रहेछ र त्यस्तो पशुधनको आंशिक वा पूरा अंश दावी परेमा बीमकले आफ्नो भागको क्षतिपूर्ति रकम समानुपातिक रूपमा प्रदान गर्नुपर्नेछ।

११. <u>प्रत्यासनः</u> (१) बीमा गरिएको पशुधनको क्षति बापत बीमितले बीमक बाहेक अन्य पक्षबाट समेत क्षतिपूर्ति पाउने रहेछ भने बीमकबाट क्षतिपूर्ति प्राप्त गर्दा अन्य पक्षबाट क्षतिपूर्ति पाउने अधिकार बीमकलाई सुम्पनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य गर्नका लागि अधिकार बीमितले बीमकलाई सुम्पनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अन्य पक्षबाट क्षतिपूर्ति प्राप्त गर्नका लागि बीमकले जुनसुकै समयमा उपयुक्त र आवश्यक कारवाही गर्न सक्नेछ।

१२. <u>स्वामित्व परिवर्तनः</u> (१) बीमितले आफुले बीमा गरेको पशुधनको स्वामित्व परिवर्तन वा हस्तान्तरण गरेको खण्डमा बीमकलाई तीस दिन भित्र जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपश्चात् बीमकले तत्काल बीमालेखको निःशुल्क नामसारी गरिदिनु पर्नेछ।

(३) बीमित पशुधनको स्वामित्व हस्तान्तरण भएको हकमा स्वामित्व हस्तान्तरण भई सम्बन्धित स्थानमा पुगेपछि मात्र बीमा प्रक्रियाको शुरूवात हुनेछ।

१३. <u>बीमालेखको पुनर्स्थापनाः</u> पशुधन बीमालेख अन्तर्गत दावी परेपश्चात् बाँकी बीमाङ्क रकमको पुनर्स्थापना गर्न पाइने छैन।

१४. <u>बीमालेखको अवधिः</u> (१) पशुधन बीमालेख जारी गर्दा घण्टा र मिनेटसमेत खुल्ने गरी समय उल्लेख गर्नुपर्नेछ।

(२) बीमालेखमा उल्लेख गरिएको बाहेकका बीमालेखहरू जारी गर्दा जारी भएको मिति र जोखिम प्रारम्भ भएको मिति फरक हुने गरी जारी गर्न पाइने छैन।

(३) बीमालेखको अवधि समाप्त हुने मितिको मध्यरात बाह्र बजे बीमा अवधि समाप्त हुनेछ।

(४) बीमकले बीमा अवधि समाप्त हुनु अगावै बीमा अवधि समाप्त हुन लागेको सूचना जुनसुकै माध्यमबाट बीमितलाई दिन सक्नेछ।

१५. <u>बीमकको कर्तव्यः</u> यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरू बीमकले पालना गर्नुपर्नेछः-

(क) बीमालेख जारी गर्नु अघि बीमा गरिएको वस्तु समेटिएको विभिन्न कोणबाट खिचिएको स्थिर फोटो कम्तीमा पाँचवटा र कम्तीमा एक (१) मिनेटको भिडियो क्लिप प्रस्ताव फारामसँगै प्राप्त गरेको हुनु पर्नेछ।

(ख) बीमकले पूर्ण रूपमा भरिएको प्रस्ताव फाराम प्राप्त भएपछि मात्र बीमा प्रक्रिया शुरु गर्नुपर्नेछ। पशु बीमालेख लिने बीमितको हकहित विरूद्ध क्षति पुर्याउनु हुँदैन।

(ग) बीमालेख जारी गर्दा वा बीमा दावी फछ्र्यौट गर्दा आवश्यक पर्ने सम्पूर्ण विवरण तथा कागजात, फोटो तथा भिडियो आदि सुरक्षित रूपमा अभिलेख गरी राख्नु पर्नेछ।

(घ) बीमालेखमा उल्लेख गरिएको बीमादरको आधारमा बीमाशुल्क गणना गर्नु पर्नेछ ।

(ङ) यदि बीमित पशुधनमा बाँझोपन र थुनेलो भई पेश गरिएको प्रमाणमा बीमकलाई शंका लागेमा आफ्नै पहलमा दर्तावाल पशु चिकित्सक खटाई जाँच गराउन सक्नेछ ।

(च) बीमकले यस बीमालेख बमोजिम पशुधनको बीमा गर्दा शर्त पूरा नगरी बीमा गरेको रहेछ भने बीमकले दावीको समयमा शर्त पूरा नभएको भनी दावी भुक्तानी अस्वीकार गर्न पाउने छैन ।

१६. बीमितको दायित्वः (१) यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरूको बीमितले पूर्ण रूपले पालना गर्नुपर्नेछ ।

(२) बीमा गरिएको पशुधनको उचित स्याहार, रेखदेख गर्नुका साथै क्षति हुनबाट बचाउन उपयुक्त सावधानीका उपायहरू अपनाउनु पर्नेछ ।

(३) बीमितले दावी, छानबिन, अनुसन्धान वा क्षति मूल्याङ्कनको क्रममा प्रहरी, बीमक तथा अन्य अधिकारप्राप्त निकायलाई पूर्ण रूपमा सहयोग गर्नुपर्नेछ ।

(४) दावी यकिन गर्नका लागि बीमितले आवश्यक प्रमाण जुटाउन बीमकलाई सहयोग गर्नुपर्नेछ ।

१७. आंशिक बीमा गर्न नपाईनेः यस बीमालेख अनुसार गरिने पशुधनको आंशिक बीमा गर्न पाईने छैन ।

## परिच्छेद – ५

## बीमाङ्क तथा बीमाशुल्क

१८. बीमाङ्क निर्धारणः (१) यस बीमालेख बमोजिम प्रति पशुधन एक लाख रकमसम्मको बीमाङ्क रकम कायम गर्दा बीमक, बीमित र प्राविधिकको आपसी सहमतिमा स्थानीय प्रचलित बजार मूल्य भन्दा बढी नहुने गरी कायम गर्नुपर्नेछ ।

(२) एक लाख रकम भन्दा माथि दुई लाख रकमसम्मको प्रति पशुधनको बीमाङ्क रकम कायम गर्दा सम्बन्धित स्थानीय तहबाट सिफारिस लिएको हुनु पर्नेछ ।

(३) दुई लाख रकम देखि माथि तीन लाख रकमसम्मको प्रति पशुधनको बीमाङ्क रकम कायम गर्दा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मार्फत सिफारिस लिएको हुनुपर्नेछ ।

(४) तीन लाख रूपैयाँ भन्दा माथि प्रति पशुधनको बीमाङ्क रकम कायम गर्दा वंशावली अभिलेख, जातीय शुद्धताको प्रमाण (phenotypic), औषत दुग्ध उत्पादन र उमेरको विवरण पेश गरेको हुनुपर्नेछ ।

(५) विदेशी नश्ल पशुधनको बीमाङ्क निर्धारण गर्दा अनिवार्य रुपमा विदेशमा पैसा पठाएको प्रमाणपत्र, वंशावली अभिलेख (Pedigree Record), बीजक, ढुवानीको निस्सा, राजश्व तिरेको कागज, प्रचलित कानून बमोजिम जारी गरिएको क्वारेन्टिन प्रमाणपत्र आदि पेश गरिएको हुनुपर्नेछ ।

(६) स्थानीय वा वाह्य जातका क्रसब्रीड वा शुद्ध नश्ल र त्यसका वर्णशंकर वा गाई/भैंसीको हकमा **अनुसूची-४** बमोजिम फार्म अभिलेख कायम गरिएको हुनुपर्नेछ।

(७) उपदफा (६) बमोजिमको अभिलेख भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले र सो नभएको खण्डमा सम्बन्धित पशु सेवा कार्यालय वा पशु सेवा शाखाले प्रमाणित गरेको हुनु पर्नेछ।

१९. बीमाङ्क परिवर्तनः (१) बीमालेख जारी भई सकेपश्चात बीमाङ्क रकम परिवर्तन गर्न पाइने छैन।

(२) बीमा अवधिभित्र पशुधन थप गर्नु परेमा त्यसरी थप गरिने पशुधनको लागि छुट्टै बीमालेख जारी गर्नुपर्नेछ।

२०. बीमाशुल्क गणना: (१) यस बीमालेख अनुसार जारी हुने पशुधनको बीमाङ्क रकमको पाँच प्रतिशत (५%) का दरले बीमाशुल्क लाग्नेछ।

(२) यस बीमालेख बमोजिम बीमाशुल्क गणना गर्दा **अनुसूची-५** बमोजिमको बीमा गरिने पशुधनको विस्तृत विवरण तथा बीमाशुल्क गणना तालिकामा प्रष्ट ढंगले उल्लेख गर्नुपर्नेछ।

(३) यस बीमालेखमा उल्लेख भएको दुर्घटना बीमाबापत बीमाशुल्क प्रति बीमित पाँच सय (५००) रूपैयाँ लाग्नेछ।

(४) एक वर्षभन्दा कम अवधिको बीमालेखको लागि समेत उपदफा (३) मा उल्लेख गरिएको दुर्घटना बीमा बापतको बीमाशुल्क कायम गरिनेछ।

(५) पशुधनको लागि प्रयोग हुने गोठ वा भौतिक सम्पत्तिको बीमा नेपाल बीमा प्राधिकरणबाट जारी सम्पत्ति बीमा निर्देशिका, २०७५ मा तोकिएको दर बमोजिम गरिनेछ र यसमा अनुदान प्राप्त हुने छैन।

२१. बीमाशुल्क भुक्तानी: (१) बीमितले बीमाशुल्क भुक्तानी गरेको रकम बीमकको बैंक खातामा जम्मा भएको प्रमाण बीमकले प्राप्त नगरेसम्म बीमालेख जारी गर्न पाईने छैन।

२२. सामूहिक बीमाः (१) पशुधनको बीमा सामूहिक रूपमा गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सामूहिक बीमालेख जारी गर्दा बीमालेख धारक संस्थाले प्रत्येक बीमित किसानको छुट्टा छुट्टै प्रस्ताव फाराम भर्नु पर्नेछ।

(३) सामूहिक बीमालेख जारी गरेपश्चात बीमालेखधारक संस्थाले प्रत्येक बीमितको पशुधन पालन गरिएको छुट्टाछुट्टै अभिलेख कायम गर्नुपर्नेछ।

(४) सामूहिक रूपमा गरिएको पशुधन बीमाको हकमा बीमालेखमा आवद्ध प्रत्येक व्यक्तिको छुट्टाछुट्टै दुर्घटना बीमा गरेको हुनु पर्नेछ र सोको विस्तृत विवरण **अनुसूची-६** बमोजिम राख्नुपर्नेछ।

(५) सामूहिक बीमा गर्ने प्रयोजनका लागि मात्र संस्था वा समूह गठन गर्न पाइने छैन।

२३. दावी रहित छूट सम्बन्धी व्यवस्थाः दावी रहित छुटको व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) बीमालेख अन्तर्गत कुनै दावी नपरेको अवस्थामा बीमालेख प्रथम पटक नवीकरण गर्दाको बखत कुल बीमाशूल्कको ५**%** (पाँच प्रतिशत),

(ख) दोस्रो पटक नवीकरण गर्दाको बखत कुल बीमाशूल्कको ७**% (**सात प्रतिशत), र

(ग) तेस्रो पटक नवीकरण गर्दाको बखत कुल बीमाशुल्कको १०**%** (दश प्रतिशत)।

**स्पष्टिकरणः** यस दफाको प्रयोजनका लागि "नवीकरण" भन्नाले सोहि बीमकमा सोहि बस्तुको पुनः बीमा गराउने कार्य सम्झनु पर्छ।

## परिच्छेद-६
## पशु बीमालेख सम्बन्धी प्राविधिक व्यवस्था

२४. पालना गर्नुपर्ने व्यवस्थाः (१) बीमा गरिने पशुधनको हकमा देहाय बमोजिम प्राविधिक व्यवस्था पालना गरिएको हुनु पर्नेछ।

(क) पशुधनमा कुनै रोग नलागेको स्वस्थ वा कुनै चोटपटक नलागेको वा फ्रयाक्चर नभएको हुनुपर्नेछ।

(ख) व्यावसायिक रुपमा पालिएको वयस्क पशुको गोठ सम्बन्धमा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले र सो नभएकोको हकमा स्थानीय तहले सिफारिस गरे बमोजिमको व्यवस्थित गोठ हुनुपर्नेछ।

(ग) एक महिनाको उमेर समूह तथा वयस्क पशुधनको हकमा आन्तरिक परजीवी विरूद्ध औषधी खुवाइएको हुनुपर्नेछ।

(घ) पशुधनलाई खोरेत (F.M.D) विरुद्धको खोप लगाईएको हुनुपर्नेछ र उक्त खोप लगाएको प्रमाण बीमा गर्दाको समयमा बीमा कम्पनीमा पेश गर्नुपर्नेछ।
तर, यदि खोप लगाएको प्रमाण नभएको खण्डमा खोप लगाएपछि मात्र बीमा प्रक्रिया प्रारम्भ गर्नुपर्नेछ।

(ङ) व्यवसायिक फार्ममा पालन गरेको पशुमा खोरेत (F.M.D) सहित भ्यागुते (H.S) र चर्चरे (B.Q) विरुद्धको खोप लगाईएको हुनुपर्नेछ।

(२) बीमित पशुधनको देहाय बमोजिम प्राविधिक व्यवस्था पालना गरेको हुनु पर्नेछ।

(क) यस बीमालेखको **अनुसुची-७** मा उल्लेखित उमेर समूह पशुधनको बीमा गर्न सकिनेछ।

(ख) पशुधनको पशु सेवा प्राविधिकबाट संकेतपट्टा लगाएको हुनुपर्नेछ।

(ग) पशुधनमा लगाएको सङ्केतपट्टा कुनै कारणवश हराएमा वा नासिएमा सोको जानकारी तत्काल बीमकलाई दिनु पर्नेछ।

(घ) पशुधनमा एक भन्दा बढि सङ्केतपट्टा लगाईएको हुनुहुँदैन।

(ङ) यदि कुनै बीमकमा गरिएको पशुधनको बीमा अवधि समाप्त भई सोहि पशुधनको अर्को बीमकमा बीमा गर्दा पहिले लगाएको सङ्केतपट्टालाई नै आधार मान्नुपर्नेछ र बीमकले त्यसको रेकर्ड कायम गरेको हुनुपर्नेछ।

(च) लगाइएको सङ्केतपट्टाको नम्बर नबुझ्ने वा पढ्न नसक्ने भएको खण्डमा मात्र पशुधनमा अर्को सङ्केतपट्टा लगाउन सकिनेछ।

(छ) पशुधनलाई स्वस्थ्य र निरोगी राख्नु पर्नेछ र कुनै रोग लागेमा तत्काल आफ्नै खर्चमा उचित रेखदेख, रोकथाम वा समयमा उपचार गराई सोको प्रमाण सुरक्षित राख्नु पर्नेछ।

(ज) पशुधनमा घाउ चोट लागेमा प्राथमिक उपचार गर्नुपर्नेछ र अन्य रोग लागेको खण्डमा प्राविधिक वा चिकित्सकसँग समन्वय गर्नुपर्नेछ।

(झ) बीमित पशुधनको मृत्यु भएको अवस्थामा बीमकलाई तत्काल खबर गर्नुपर्नेछ।

(ञ) जंगली जनावरबाट भएको आक्रमणको कारणबाट बीमा गरिएको पशुधनमा लगाईएको सङ्केतपट्टा वा अवशेष फेला नपरेको हकमा जिल्ला वन कार्यालय वा मातहतका कार्यालयको सिफारिस वा निकुन्ज तथा वन्यजन्तु आरक्षण भएको ठाउँमा निकुञ्ज वा वन्यजन्तु आरक्षणबाट क्षतिपूर्ति नलिएको प्रमाणपत्र पेश गर्नुपर्नेछ।

(ट) खण्ड (ञ) बमोजिम क्षतिपूर्ति लिएको अवस्थामा क्षतिपूर्ति लिएको रकम कट्टा गरी बाँकी दावी रकम बीमकले भुक्तानी गर्नुपर्नेछ।

(ठ) पशुधनको लागि स्वच्छ र सफा पानी, पर्याप्त आहार र सुरक्षित तथा व्यवस्थित गोठको व्यवस्था गरेको हुनुपर्नेछ।

(ड) प्रजननका लागि पालिएको राँगा वा साँढेको हकमा छुट्टै गोठको साथै आवश्यक मात्रामा घाँस, दाना र प्रशस्त पानीको व्यवस्था गर्नुपर्नेछ।

(ढ) बीमित पशुधन सम्बन्धमा बीमकको प्रतिनिधिलाई जुनसुकै समय परीक्षण वा निरीक्षण गर्न दिनु पर्नेछ।

परिच्छेद-७

## दावी सम्बन्धी प्रक्रिया

२५. क्षतिको सूचनाः (१) यस बीमालेखले रक्षावरण गरेको जोखिमहरुका कारणबाट पशुधनमा क्षति भएमा क्षति भएको बाटोको म्याद बाहेक तीन (३) दिनभित्र बीमितले बीमकलाई टेलिफोन, फ्याक्स, इमेल, एस.एम.एस वा लिखित पत्र वा अन्य कुनै माध्यमबाट सोको जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी प्राप्त भएको अड्चालिस (४८) घण्टाभित्र बीमक वा बीमकको प्रतिनिधिले निरीक्षण गर्न सक्ने हुँदा सो अवधिसम्म क्षति भएको स्थानलाई सुरक्षित गरी राख्नु पर्नेछ।

२६. दावी सम्बन्धी प्रक्रियाको लागि आवश्यक कागजातहरूः (१) बीमितबाट क्षतिको सूचनामा प्राप्त गरेपछि दावी भुक्तानी प्रक्रियाको लागि बीमकले बीमितसंग देहाय बमोजिम कागजातहरू माग गर्नु पर्नेछ।

(क) पूर्णरुपले भरिएको दावी फाराम।
(ख) पूर्ण क्षतिको हकमा सक्कल बीमालेखको प्रति र आंशिक क्षतिको हकमा बीमालेखको छाँयाप्रति।
(ग) कम्तीमा पाँचजना छिमेकको सर्जमिन मुचुल्का (मुचुल्कामा हस्ताक्षर गर्ने सबैको नाम थर, ठेगाना र सम्पर्क नम्बर समेत खुलाई)।
(घ) पशु सेवा कार्यालयको सिफारिस।
(ङ) पशुधनमा लगाइएको सङ्केतपट्टा र सो देखिने गरी पशुको फोटो।
(च) पशुधनमा लगाइएको खोपको प्रमाण।
(छ) व्यावसायिक रुपमा पालिएको गाई भैंसीको हकमा कुनै संक्रामक रोगको कारणबाट अड्चालिस (४८) घण्टाभित्र पाँच (५) वटा वा सोभन्दा बढी पशुधनको समान लक्षणहरू देखाई मरेमा नमुना (Sampling) को आधारमा पोस्टमार्टम रिर्पोट।

२७. दावी फछर्यौट सम्बन्धी व्यवस्था: (१) बीमकले आफूसमक्ष परेको पशुधन बीमा दावीको तत्काल छानविन प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ।

(२) बीमा दावी सम्बन्धी जानकारी वा सूचना प्राप्त भएपछि बीमकले दावी भुक्तानी प्रक्रिया पूरा गर्न बीमितलाई सहयोग गर्नु पर्नेछ।

(३) बीमक आफैंले क्षति मूल्याङ्कन गर्ने अवस्थामा बाहेक उपदफा (१) बमोजिम दावी सम्बन्धी आवश्यक कागजात प्राप्त भएपछि बीमितले क्षतिको जानकारी दिएको बढीमा सात दिनभित्र बीमकले क्षति मूल्याङ्कनकर्तालाई खटाउनु पर्नेछ।

(४) क्षति मूल्याङ्कनकर्ताले बीमा गरिएको वस्तुको क्षति स्पष्ट देखिने गरी विभिन्न कोणबाट आफैंले खिचेको कम्तीमा पाँचवटा फोटो र कम्तीमा एक मिनेटको भिडियो क्लिप **अनुसूची-८** क्षति मूल्याङ्कन प्रतिवेदनसंगै संलग्न गरेको हुनुपर्नेछ।

तर, क्षति मूल्याङ्कनकर्ताले परिस्थितिजन्य अवस्थामा क्षतिको फोटो र भिडियो क्लिप आफैंले खिच्न नसकेको अवस्थामा बीमितले खिचेको सम्बन्धित क्षतिको कम्तीमा पाँचवटा फोटो र कम्तीमा एक मिनेटसम्मको भिडियो क्लिप समावेश गर्न सकिनेछ।

(५) क्षति मूल्याङ्कनकर्ताले आफूलाई क्षति मूल्याङ्कन गर्न खटाएको पन्ध्र दिनभित्र **अनुसूची-८** बमोजिम भौतिक वा विद्युतीय स्वरूपमा क्षति मूल्याङ्कन प्रतिवेदन तयार गरी बीमक समक्ष पेश गर्नु पर्नेछ।

(६) क्षति मूल्याङ्कनकर्ताले गलत मूल्याङ्कन गरेको वा यस निर्देशिकाको बर्खिलाप हुने गरी कुनै कार्य गरेको पाइएमा बीमकले क्षति मूल्याङ्कनकर्ताका लागि समितिको स्वीकृतिमा पुनः अर्को मूल्याङ्कनकर्तालाई खटाउन सक्नेछ।

(७) बीमक आफैंले क्षति मूल्याङ्कन गर्नसक्ने अवस्थामा समेत उपदफा (५) बमोजिमको अवधिभित्र क्षति मूल्याङ्कन गरी सक्नु पर्नेछ।

(८) क्षति मूल्याङ्कनकर्ताले क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरेको पैंतीस दिनभित्र बीमकले दायित्व यकिन गरी बीमितलाई दावी भुक्तानी गर्नु पर्नेछ र बीमितले दावी बापत रकम नपाउने रहेछ भने कारणसहित लिखित जानकारी बीमितलाई दिनु पर्नेछ।

(९) उपदफा (८) बमोजिम बीमकले दावी भुक्तानी गर्दा घटना घटेको समयमा भएको वास्तविक क्षति वा बीमाङ्क रकम जुन कम हुन्छ सो बराबरको रकममा अधिक बापतको रकम कट्टा गरी दावी भुक्तानी गर्नु पर्नेछ।

२८. <u>दावी भुक्तानी तालिकाः</u> (१) कुनै कारणबाट बीमा अवधि भित्र बीमित पशुधन मरेमा बीमकले बीमितलाई अधिक वापतको रकम कट्टा गरी बीमा दावी भुक्तानी गर्नुपर्नेछ।

(२) उपदफा (१) बाहेक बीमित पशुधनमा देहाय बमोजिम क्षति भएमा अधिक वापतको रकम कट्टा गरी बीमकले दावी भुक्तानी गर्नुपर्नेछ।

(क) स्थायी रूपमा पूर्ण अशक्त भएमा बीमाङ्क रकमको ३०% (तीस प्रतिशत),
तर, भैंसीको हकमा बीमाङ्क रकममा मासुको मुल्य घटाएर दावी भुक्तानी गर्नुपर्नेछ।

(ख) गाई-भैंसीको हकमा कम्तीमा दुईवटै थुन खराब भई पूर्णरूपले अनुत्पादक भएमा बीमाङ्क रकमको ३०% (तीस प्रतिशत),

(ग) गाई-भैंसीमा बाझोपन भएमा बीमाङ्क रकमको २५% (पच्चिस प्रतिशत),

(घ) प्रजनन प्रयोजनका लागि पालिएको भाले पशुधनको हकमा उपयुक्त प्रजनन् (स्थानीय जातको हकमा १.५ वर्षदेखी ६ वर्षसम्म र क्रसब्रेडको हकमा १ वर्षदेखि ६ वर्षसम्म)

अवधि भित्र यदि पूर्ण रूपले प्रजनन् अयोग्य भएमा बीमाङ्क रकमको ४०% (चालिस प्रतिशत),

तर, मासुको रूपमा बिक्रि हुने पशुधनको हकमा बीमाङ्क रकममा मासुको मुल्य कटाएर बाँकी रकम दावी भुक्तानी दिनुपर्नेछ।

(३) बीमित पशुधन स्थायी पूर्ण अशक्त भएको अवस्थामा निम्न कुराहरु बीमकमा पेश गरेको हुनुपर्नेछ -

(क) दर्तावाल पशु चिकित्सकबाट प्रमाणित सिफारिस पत्र।

(ख) रोग लाग्दा गरिएको औषधी उपचारको अभिलेख।

(४) गाई-भैंसीको कम्तीमा दुईवटै थुन खराब भई पूर्णरूपले अनुत्पादक भएमा उपचार वा प्रयोगशाला परीक्षण वा दुवैको रिर्पोट अनिवार्य समावेश गर्नुपर्नेछ।

(५) गाई-भैंसीमा बाँझोपन भई निको नहुने अवस्थामा तथा थुनेलो भई अनुत्पादक भएको अवस्थामा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट पशुधन अनुत्पादक भएको भन्ने लिखित प्रमाण पेश गर्नुपर्नेछ।

(६) प्रजनन् अयोग्य भएको अवस्थामा दर्तावाल पशु चिकित्सक वा सम्बन्धित प्रजनन् विज्ञले लिखित रूपमा प्रमाणित गरेको हुनुपर्नेछ।

## परिच्छेद -८

## विविध

२९. **अधिकः** (१) यस बीमालेख अन्तर्गत कुल दावीयोग्य रकमको १०% (दश प्रतिशत) वा रु. १०,०००।- (दश हजार) मध्ये जुन कम हुन्छ सो रकम घटाएर बीमा दावी भुक्तानी गर्नुपर्नेछ।

३०. **विवाद समाधानः**(१) देहायका कुनै अवस्था आईपरेमा बीमितले विस्तृत विवरण खुलाई नेपाल बीमा प्राधिकरणमा उजुरी दिन सक्नेछः

(क) बीमकले दावी बापतको निवेदन लिन अस्वीकार गरेमा,

(ख) बीमकले दावी बापतको रकम दिन अस्वीकार गरेमा वा,

(ग) बीमकले बीमितलाई भुक्तानी गर्न लागेको दावी बापतको रकम कम भएको भन्ने बीमितलाई लागेमा वा ,

(घ) बीमित वा बीमालेख धारक बाहेक अन्य पक्षलाई दावी बापतको रकम भुक्तानी गर्न आँटेमा वा भुक्तानी गरेमा, र

(ङ) बीमा दावी सम्बन्धमा अन्य कुनै विवाद उत्पन्न भएमा।

(२) बीमा दावी सम्बन्धमा नेपाल बीमा प्राधिकरणले दिएको आदेशमा चित्त नबुझेमा ३५ (पैंतीस) दिन भित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदनका गर्न सक्नेछ।

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**
**काठमाण्डौ, नेपाल**
**अनुसूची - १**
**(दफा ६ सँग सम्बन्धित)**

**पशुधन बीमा प्रस्ताव फाराम**

(१) पशुधन बीमा प्रस्तावक (व्यक्ति वा संस्था) को नामः....................................
(२) प्रस्तावकको पूरा ठेगानाः
प्रदेश..................जिल्ला............. पालिका............... वडा नं................ टोलः ................... मोबाइल न/.फोन :..............
ईमेल ठेगाना: ........................ पेशाः.........................................................
(३) फार्मको नाम:
(४) फार्मको स्थापना मिति:
(५) फार्मको दर्ता नं (व्यवसायिक फार्मको हकमा) :
(६) प्रस्ताव फारम भरेको मिति:
(७) पशुधन खरिद गरेको स्रोत:
(८) बीमा अवधि:
(९) पशुपालन गरिएको स्थानको जि.पि.ए.स. (उपलब्ध भएसम्म)
(१०) तल उल्लिखित विवरण तालिकामा भर्नुहोस्:

| क.सं. | सङ्केतपट्टा नम्बर | पशुधनको जात/प्रकार | | उमेर | | पशुधनको रंग | पालिएको तरिका | | खरिद गरेको भए सोको मिति र खरिद मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थानीय | विदेशी नश्ल | वर्ष | महिना | | बँधुवा | चरन | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | जम्मा पशुधन संख्या: | | | | | | | | |

नोट: प्रत्येक पशुधनको लागि छुट्टा-छुट्टै क्र.सं. उल्लेख गर्नुपर्नेछ।
(११) पशुपालन गरिएको स्थानको पूर्ण विवरण/ ठेगानाः
प्रदेश..................जिल्ला.................पालिका ................. वडा नं................. टोलः.................. कित्ता नं. .....................

चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं........................ (ऐलानी जग्गाको हकमा)
(१२) कुन प्रयोजनको लागि पशुपालन गरिएको हो, खुलाउनुहोस् ? दूध उत्पादन ☐ प्रजनन् ☐ अन्य ☐
(१३) पशुपालन व्यक्तिगत वा सामूहिक के हो, खुलाउनुहोस्? ................................................
(१४) सामूहिक भए निम्न विवरण उल्लेख गर्नुहोस् :
समूहको नाम वा बीमालेख धारकको नामः ................................... पशुपालन गरिएको स्थान : ............................
ठेगानाः प्रदेश....................जिल्ला.................पालिका ........................टोलः....................मोबाइल नं....................... .फोन नं. ..............
ईमेल ठेगाना: ...........................
(१५) पशुपालन शुरू गरिएको मिति: ....................................
(१६) पशुहरू स्वस्थ छन् वा छैनन्? यदि छैनन् भने, रोगको विवरण दिनुहोस्: ............................................
(१७) बीमा गरिने पशुधनसँगै अन्य पशु पाल्नु भएको छ ? यदि छ भने उक्त पशुको विवरण उल्लेख गर्नुहोस्।
...............................................................................................

**(१८)पशुधनमा लगाइएको खोप तालिकाको विवरण:**

| सि.नं. | सङ्केतपट्टा नम्बर | पशुको प्रकार वा जात | पशुको उमेर | खोपको नाम | कुन रोग बिरूद्धको खोप | खोप लगाएको मिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(१९) पशुपालन प्राविधिक सेवा कहाँबाट लिनु भएको छ ? ..........................................................

(२०)पशुपालन सम्बन्धी तालिम लिनुभएको छ ? यदि छ भने तालिम दिने संस्थाको नाम र तालिमको अवधि उल्लेख गर्नुहोस ।

.............................................................................................

(२१) पशुजन्य सुविधाहरु प्राप्त गर्नु भएको छ ? यदि छ भने, कहाँबाट के-के प्राप्त गर्नु भएको छ ?

..........................................................................................................................

(२२)तपाईले पाल्नु भएको पशुमा यस पूर्व कुनै संक्रामक रोग लागेको थियो ? .................................

(२३)यदि थियो भने, सोबाट कति रकम बराबरको क्षति भएको थियो ? ................................

(२४) यदि रोगबाहेक अन्य कारणबाट हानी–नोक्सानी भएको थियो भने निम्न विवरण भर्नुहोस्ः-

| वर्ष | क्षतिको कारण | पशुको संख्या |
|---|---|---|
| | | |
| | | |
| | | |

(२५)यस पूर्व कुनै बीमा कम्पनीमा बीमा गर्नु भएको थियो ? यदि थियो भने निम्न विवरणहरू उल्लेख गर्नुहोस् ?

| बीमकको नाम | बीमाङ्क रकम | बीमा गरेको पशुको संख्या | दावी गरेको पशुको संख्या | प्राप्त दावी भुक्तानी रकम |
|---|---|---|---|---|
| | | | | |

(२६)कुनै बैंक वा वित्त कम्पनी वा सहकारीले उक्त पशुमा लगानी गरेको छ ? छ भने, उक्त बैंक वा वित्त कम्पनी वा सहकारी वा अन्य कुनै समूहको लगानी छ विवरण उल्लेख गर्नुहोस्ः-

नाम/ठेगानाः ...............................................................प्रदेश..................जिल्ला...................पालिका...................................

वडा नं.................टोलः.................... फोन नं./मोबाइल ................................................... इमेल ठेगानाः-...........................

लिएको वा लिन सम्झौता गरेको ऋणको रकमः रु........................अक्षरेपी (.........................................................)

म/हामी माथि उल्लिखित प्रश्नहरुको उत्तर सत्य भएको, पशु सम्बन्धी यथार्थ ढङ्गले वर्णन गरिएको व्यहोरा प्रत्याभूत गर्दछु/गर्दछौं । मैले/हामीले बीमासँग सम्बन्धित कुनै पनि सूचना, विवरण वा तथ्य लुकाएको, छिपाएको छैन । यो प्रस्ताव नै बीमक र म/हामी बीच हुने सम्झौताको आधार हुने कुराको स्वःघोषणा गर्दछु/गर्दछौं । यसमा लेखिए व्यहोरा ठिक, साँचो छ, झुठ्ठा भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला बुँझुला ।

**प्रस्तावकको**

हस्ताक्षरः

नाम (संस्था वा व्यक्तिगत):

संस्था भए संस्थाको छापः

संस्थाको हकमा संस्थाको आधिकारिक प्रतिनिधिको नामः

प्यान नं. (संस्थाको हकमा):

मितिः

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**
**काठमाण्डौ, नेपाल**
**अनुसूची-२**
**(दफा (७) सँग सम्बन्धित)**
**प्राविधिक जाँच सिफारिसपत्र**

(प्रस्ताव फारम साथ संलग्न हुनुपर्ने)

(१) पशु पालक प्रस्तावकको नाम (संस्था वा व्यक्तिगत) ......................................................

पूरा ठेगानाः

प्रदेश.......पालिका................टोल......................फोन.नं........................मोबाइल नं...............................ईमेल ठेगाना:......................

(२) फार्मको नाम:

(३) फार्मको दर्ता नं.( व्यवसायिक फार्मको हकमा):

(४) पशु खरिद गरिएको श्रोत:

(५) पशु खरिद गरेको मिति र उमेर उल्लेख गर्नुहोस्:

(६) प्रस्तावित पशुको विवरणः

| **सङ्केतपट्टा नम्बर** | **पशुको वर्गिकरण** | **जात** | **उमेर** | **तौल** | **पालिएको तरिका** | | **हालको स्वास्थ्य स्थिति** |
|---|---|---|---|---|---|---|---|
| | | | | | **बँधुवा** | **चरन** | |
| | | | | | | | |
| | जम्मा-कूल पशुधनको संख्या | | | | | | |

नोट: प्रत्येक पशुधनको लागि छुट्टा-छुट्टै क्र.सं. उल्लेख गर्नुपर्नेछ।

(७) पशुपालन गरिएको स्थानको पूर्ण विवरणः

प्रदेश.......पालिका................टोल.....................

(८) पशुपालन गरिएको क्षेत्र (हिमाल/पहाड/तराई) .............................

(९) पशुको गोठको अवस्था कस्तो छ ? ......................................................

(१०) के प्रयोजनको लागि पशु पालिएको हो ? दूध प्रयोजन ☐ प्रजनन् प्रयोजन ☐ अन्य ☐

(११) पशुमा कुनै रोगको लक्षण भए वा नभएको ? ..................................................................

(१२) बीमा गरिने पशुलाई संक्रामक रोग विरूद्ध (जस्तै खोरेत (FMD), भ्यागुते(H.S) र चर्चरे (B.Q) ) खोप लगाएको छ वा छैन ?

| **क्र.स.** | **सङ्केतपट्टा नम्बर** | **पशुको उमेर** | **खोपको नाम** | **रोगहरुको उल्लेख** | **खोप लगाएको मिति** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(१३) दूग्ध प्रयोजनको लागि पालिने पशुको हकमा पहिले थुनेलोको लक्षण देखिएको थियो वा थिएन ? यदि थियो भने उल्लेख गर्नुहोस्।

(१४) हाल थुनेलोको लक्षण देखिएको छ कि छैन ?

(१५) पशुमा क्षयरोग (Tuberculosis) को लक्षण छ वा छैन ?

(१६) पशुमा बाँझोपनको समस्या छ वा छैन?

(१७) पशुलाई अन्तरिक परजीवी विरुद्ध औषधि खुवाइएको छ वा छैन ?

(१८) पशुको उचित स्याहार गरिएको छ वा छैन ?
(१९) पशुमा कुनै रोगको संक्रमण देख्नु भएको छ ? यदि छ भने कुन रोगको संक्रमण देखिएको छ उल्लेख गर्नुहोस्।
(२०) पशुको जोखिमलाई स्वीकार गर्न नमिल्ने अरू कुनै जानकारी छ ? यदि छ भने त्यसको विवरण उल्लेख गर्नुहोस्।
(२१) उक्त पशुको जोखिम स्वीकार गर्न कम्पनीलाई के सुझाव दिन चाहनुहुन्छ ?

.........................................................................................................................

यस अनुसूचीमा उल्लिखित पशुधनको मैले ध्यानपूर्वक प्राविधिक जाँच गरे । प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आएसम्म सही र तथ्य परक छन् भन्ने कुरा सिफारिस गर्दछु। यसमा लेखिएको व्यहोरा ठिक, साँचो छ, झुठ्ठा विवरण भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला, बुँझुला।

| **दाँया** | **बाँया** |
|---|---|
| | |

**प्राविधिकको**

नाम (व्यक्तिगत वा संस्थागत)
सहीः
ठेगानाः
मितिः
फोन/मोबाईल नं. :
प्रमाणपत्र जारी गर्ने संस्थाः
प्रमाणपत्र नंः.
कोड नं.:
दर्ता नं.:
संस्थाको हकमा कार्यालयको छापः

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची-३**

**(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)**

**प्राविधिक पुनःजाँच सिफारिसपत्र**

(प्रस्ताव फारम साथ संलग्न हुनुपर्ने)

(१) पशु पालक प्रस्तावकको नाम (संस्था वा व्यक्तिगत) .....................................................

पूरा ठेगानाः

प्रदेश.......पालिका................टोल.....................फोन.नं........................मोबाइल नं...............................ईमेल ठेगाना:......................

(२) फार्मको नाम:

(३) फार्मको दर्ता नं.( व्यवसायिक फार्मको हकमा):

(४) पशुको विवरणः

(५) पुनःप्राविधिक जाँच गरेको मिति:

| **क्र.स.** | **सङ्केत पट्टा नं** | **पशुको वर्गिकरण** | **जात** | **उमेर (वर्ष वा महिना)** | **तौल** | **हालको स्वास्थ्य स्थिति** |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | जम्मा पशुको संख्या | | | | | |

नोट: प्रत्येक पशुधनको लागि छुट्टा-छुट्टै क्र.सं. उल्लेख गर्नुपर्नेछ।

(६) हाल पशुको गोठको अवस्था कस्तो छ ? ......................................................

(७) पशुको उचित स्याहार गरिएको छ वा छैन ?

(८) पशुलाई पर्याप्त दाना र सफा पानीको उपलब्धता छ कि छैन ?

(९) दूधालु पशुको हकमा थुनेलोको लक्षण देखिएको छ वा छैन **?**

(१०) पशुको निरीक्षणको समयमा तापक्रम कति छ ?

(११) पशुमा क्षयरोग (Tuberculosis) को लक्षण छ वा छैन ?

(१२) पशुमा बाँझोपनको समस्या छ वा छैन ?

(१३) हाल पशुको औषत दुग्ध उत्पादन कति छ ?

(१४) पशुमा कुनै रोगको संक्रमण देख्नु भएको छ? यदि छ भने कुन रोगको संक्रमण देखिएको छ उल्लेख गर्नुहोस्।

..............................................................................................................

यस अनुसूचीमा उल्लिखित पशुको मैले ध्यानपूर्वक पुन:प्राविधिक जाँच गरे । प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आएसम्म सही र तथ्य परक छन् भन्ने कुरा सिफारिस गर्दछु। यसमा लेखिएको व्यहोरा ठिक, साँचो छ, झुठ्ठा विवरण भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला, बुँझुला।

| **दाँया** | **बाँया** |
|---|---|
| | |

**प्राविधिकको**

नाम (व्यक्तिगत वा संस्थागत)

सहीः

ठेगानाः

मितिः

फोन/मोबाईल नं. :

प्रमाणपत्र जारी गर्ने संस्थाः

प्रमाणपत्र नं:.

कोड नं.:

दर्ता नं.:

संस्थाको हकमा कार्यालयको छापः

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**
**काठमाण्डौ, नेपाल**
**अनुसूची -४**
**(दफा १८ को उपदफा (६) सँग सम्बन्धित)**

**पशुधन फार्म अभिलेख**

**पशु फार्मको नाम :**
**पशु फार्मको धनीको नामः**
**पशु फार्म स्थापना मिति :**
**ठेगाना :**
**व्यवसायिक फार्मको लागि पशुको विवरण:**

| **पशुधनको विवरण** | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| **माऊ गाई/भैंसीको संकेतपट्टा न:**<br>**माऊ गाई/भैंसीको तौल(के.जी.)**<br>**माऊ गाई/भैंसीको संकेतपट्टा न:**<br>**व्याएको मिति:** | | | | **प्रजनन् साँढे /राँगाको संकेत्पट्टा न**<br>**प्रजनन् साँढे/राँगाको तौल (के.जी.):** | |
| **आन्तरिक परजीवी विरुद्धको अभिलेख** | | | | | |
| **क्र.सं.** | **संकेतपट्टा नं.** | **पशुको प्रजाती** | परजीवी | परजीवी विरुद्ध औषधी | **नियमित** औषधी **दिईएको समय** |
| १. | | | | | |
| २. | | | | | |

| **पशुमा लगाइएको खोप तालिका** | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **संकेतपट्टा नं.** | **पशुधनको प्रजाती** | **खोपको नाम** | **खोपको पहिलो डोज लगाउने न्यूनतम उमेर** | **नियमित खोप दिने समय** |
| १. | | | एफ.एम.डी (F.M.D) | ४ महिना र सो भन्दा माथि | प्रत्येक ६ महिनामा |
| २. | | | एच.एस र बि.क्यू (H.S & B.Q) | ६ महिना र सो भन्दा माथि | वार्षिक |

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -५**

**(दफा २० को उपदफा (२) सँग सम्बन्धित )**

**बीमा गरिने पशुको विस्तृत विवरण तथा बीमाशुल्क गणना तालिका**

पशुधन बीमा प्रस्तावक (व्यक्ति वा संस्था) को नामः
नागरिकता नं.
नागरिकता जारी गरिएको जिल्ला..........

नागरिकता जारी गरिएको मितिः

गैर नेपाली नागरिकको हकमा परिचय पत्र नं.

किसिम तथा नम्बर....................

गैर नेपाली नागरिकको हकमा परिचय पत्र जारी गर्ने संस्था....................

गैर नेपाली नागरिकको हकमा परिचय पत्र जारी भएको मिति ....................

व्यक्ति/ संस्था वा फर्मको दर्ता भएको ठेगानाः

संस्थाको हकमा प्यान नं.

प्रस्तावकको ठेगानाः

प्रदेशः...................................जिल्ला.................................

पालिका....................वडा नं. ............टोल...................आवास..........

फोन नं. ..............................मोबाइल नं. .........................

ईमेल ठेगाना............................

(खुलाउनु पर्ने)
प्रस्तावित बीमाको किसिमः
पशुको कुल संख्या ....................
पशुको उमेर....................................................
पशुको जातः.................................
पशुको प्रकारः..................................
बीमा प्रारम्भ मितिः .......................
बीमा समाप्ति मितिः............................
बीमा अवधिः .................

बीमालेख नं.

अभिकर्ताको नामः

अभिकर्ता ईजाजतपत्र नंः.

प्राविधिकको नाम तथा सम्पर्क नं.:

प्राविधिकको कोड नंः.

बीमालेख जारी मितिः

बीमालेख जारी समयः

बीमालेख जारी स्थानः

नगदी बीजक जारी मिति तथा समय:

नगदी बीजक नंः.

बीमाङ्क रकम रुः

पशुधन गोठ रहेको स्थानः
क्षेत्रफल ...................................
प्रदेशः............................जिल्ला...................
पालिका...............
वडा नं.........................टोल...................आवास.......
फोन नं. ..............................मोबाईल नं. ................

ईमेल ठेगाना............................
कित्ता नं.......... चार किल्ला ......
ऐलानी जग्गाको हकमा स्थानीय तहले प्रदान गरेको संकेत नं. ..................

**बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको हकमा**
बैंक तथा वित्तीय संस्थाको नाम तथा ठेगानाः
ऋणको रकमः
ऋणको अवधिः

**इच्छाईएको व्यक्तिको**
नाम, थरः

बीमित र इच्छाईएको व्यक्तिको बीचको नाताः

इच्छाईएको व्यक्तिको बाबुको नामः
इच्छाईएको व्यक्तिको आमाको नामः
सम्पर्क नं.
मोबाईल नं. ............... आवासः.................
ईमेल ठेगाना...................................

**पशुधन बीमा गणना तालिका**

| **पशुधनको विवरण** | **पशुधन संख्या** | **बीमाङ्क रकम** | **बीमाशुल्क** | **जम्मा बीमाशुल्क** |
|---|---|---|---|---|
| | | | बीमाङ्क रकमको ५% | रु. "क" |
| | | | | |
| | | | | |
| जम्मा बीमाशुल्क (क ) = | | | | रु."ख " |

| | |
|---|---|
| दावी रहित छुट भएमा (प्रतिशत खुलाउने,५% वा ७% वा १० %) | ("ख".................%) रु"ग" |
| छुट पछिको बीमाशुल्क | दावी रहित छुट भएमा("ख "- "ग")= रु "घ"<br>छुट नभएको हकमा ("ख" – "०") |
| नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम | अनुदान बापत ("घ" × ... % ) = रु. "ङ"<br>बीमितले तिर्ने ( "घ" – "ङ" ) = रु."च" |

| | | | |
|---|---|---|---|
| बीमितले दुर्घटना बीमा बापत तिर्नुपर्ने बीमाशुल्क | बीमितको सङ्ख्या "अ" | बीमाशुल्क (रु ५००) "आ" | अ × आ |
| | | | रू. "छ" |
| **बीमितले तिर्नुपर्ने जम्मा बीमाशुल्क** | च+ छ = रु. ……. | | |

**बीमालेख स्वीकृत गर्नेको**
हस्ताक्षरः
नामः
पदः
मितिः
कम्पनीको छापः

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**
**काठमाण्डौ, नेपाल**
**अनुसूची -६**
**(दफा २२ को उपदफा (४) सँग सम्बन्धित)**
**सामूहिक बीमा विस्तृत विवरण**

**बीमालेख धारक संस्थाको नाम: ... ... ...**

**बीमालेख धारकको ठेगानाः ... ... ...**

**बीमालेख नं.: ... ... ... ... ... ... ... ... ...**

| क्र.श. | बीमितको नाम | ठेगाना | संपर्क न. | बीमा गरिएको पशुको विवरण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**संस्थाको प्रतिनिधिको**
हस्ताक्षरः
नामः
पदः
संस्थाको प्यान नं.
छापः
मितिः

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -७**

**(दफा २४ को उपदफा २(क) सँग सम्बन्धित)**

**पशुधनको बीमायोग्य उमेर**

| **पशुधनको विवरण** | **बीमा योग्य उमेर (वर्ष)** |
|---|---|
| स्थानीय तथा विदेशी नश्लका (क्रसब्रिड वा शुद्ध नश्ल जातका) दुधालु गाई | २( दुई) देखि १०(दश) वर्षको उमेरसम्म |
| स्थानीय तथा विदेशी नश्लका (क्रसब्रिड वा शुद्ध नश्ल जातका) दुधालु भैंसी | ३ (तीन) वर्षदेखि १२ वर्षको उमेर सम्म |
| स्थानीय तथा विदेशी नश्लका (क्रसब्रिड वा शुद्ध नश्ल जातका) बाच्छा-बाच्छी वा पाडा- पाडी | ४(चार) महिनादेखि ३( तीन)वर्षको उमेर सम्म |
| प्रजननको लागि उन्नत नश्लको साँढे वा राँगा | स्थानीयको हकमा १.५ वर्षदेखि ६(छ) वर्षको उमेर सम्म<br><br>क्रसब्रेडको हकमा १ वर्ष देखि ६(छ) वर्षको उमेर सम्म |
| ढुवानी वा जोत्नको लागि गोरु वा राँगा | ३ (तीन) वर्ष देखि १०( दश) बर्षको उमेरसम्म |

**............... इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -८**

(दफा २७ को उपदफा (४) र (५) सँग सम्बन्धित)

**पशुधन बीमा क्षतिमूल्याङ्कन प्रतिवेदन**

(१) **क्षति** मूल्याङ्कनका लागि नियुक्त दिने बीमकको नामः...........................................................
क्षति मूल्याङ्कनको लागि प्राप्त पत्रको मिति .............
क्षति मूल्याङ्कनकर्ता (व्यक्ति वा संस्था) को नामः............................................
प्यान नं. ..............................................

(२) **क्षति मूल्याङ्कन गर्ने लागिएको स्थानको पूरा ठेगानाः**
प्रदेशः...................जिल्ला...............पालिका ................... वडा नं............. टोलः....................
फोन नः................ मोबाइल नं. ................. ................ इमेल ठेगाना ....................................
क्षति मूल्याङ्कन गर्न खटाईएको मितिः...............................
क्षति मूल्याङ्कन लागि लागेको अवधिः...............................
क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरिएको मितिः .....................

(३) **दावी कर्ताको विवरणः**
बीमा दावी कर्ताको नामः ..........................................
ठेगानाः .............................................
बीमालेख नं............................................... .
क्षति भएको बीमाको किसिमः आंशिक ............. पूर्ण:

(४) क्षति सम्बन्धी विवरणः
क्षति भएको मितिः ...........................................
क्षति भएको समयः ...........................................
क्षति मूल्याङ्कन गरिएको पशुपालन गरिएको स्थानको विवरणः
प्रदेश ..............जिल्ला ..................पालिका ............................ वडा नं....................... टोल..................... फोन नं.........
मोबाइल नं........... इमेल ठेगाना: ...........चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं. (ऐलानी जग्गाको हकमा) .................

(५) **क्षतिको प्रकार:**
अग्नीजन्य…………………
हावाजन्य वा पानीजन्य……….
भूमीजन्य…………………..
चट्याङ्जन्य………………..
रोगजन्य…………………...
आकस्मिक तथा दुर्घटनाजन्य बाह्य कारणहरुबाट…………….
स्तानान्तरण गर्दाको बेला भएको क्षति……………………...
मृत्यु.....................................................
पूर्ण अशक्तता………………………………………….
बाँझोपन……………………………………………….

(६) **पशुको विवरण:**
संकेतपट्टा नः......................
पशुको प्रजातिः.................
उमेरः..............................

(७) **पशुधनको क्षति हुनुको कारणः**
**............................................** .

(८) **क्षति मूल्याङ्कनको विवरणः**
**......................................................................**

(९) **पशुधनको संख्या क्षति भएको आधारमा म ूल्याङ्कन**

बीमा भएको पशुको जातः..............................

जम्मा बीमा भएको पशुको संख्याः ..............................

क्षति भएको जम्मा पशुको संख्याः ...............................

जम्मा क्षति प्रतिशतः ...........................................

प्रति पशुको मूल्य रू.............................................. .

कुल क्षति मूल्य रू.............................................. .

अधिक कट्टा गरी बाँकी मूल्यः......

फोटो संख्या ..............................

भिडियो क्लिप समयः ...............................

(१०) **क्षतिको मात्रा निर्धारण**

कुल क्षति प्रतिशतः

कुल क्षति रकमः

फोटो संख्या (कम्तीमा पाँचवटा) .........................................................

भिडियो क्लिपको समयः(कम्तीमा एक मिनेट) **.............................................**

माथि उल्लिखित पशुको मा भएको क्षतिको सम्बन्धमा ध्यानपूर्वक मूल्याङ्कन गरी क्षति मूल्याङ्कन गर्दा लिएको तोकिएको संख्यामा फोटो तथा भिडियो क्लिप संलग्न गरी क्षतिको मूल्याङ्कनको क्रममा तथ्यगत जानकारी प्राप्त भएका विवरणहरू सबै ठीक र साँचो छन् । सोही अनुरूप बीमालेखको शर्त र सुविधा अनुसार निष्पक्ष तथा पक्षपात रहित रहेको स्व-घोषणा गर्दछु । यसमा लेखिएको व्यहोरा साँचो छ, झुठ्ठा विवरण भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला, बुझुँला ।

| दाँया | बाँया |
|---|---|
| | |

**क्षति मूल्याङ्कनकर्ताकोः**

नामः

सम्पर्क नं.:

मोबाइल नं.:

फोन नं.:

इमेल ठेगानाः

कोड नं.:

दर्ता नं.:

तालिम इजाजतपत्र नं.:

हस्ताक्षर:

संस्थाको हकमा प्यान नं.:

संस्थाको हकमा कार्यालयको छाप:

मिति............................